# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-३, अङ्क-३५ (११७ औं शृङ्खला) अवधिः चैत्र ०१-०७, २०८१ मितिः चैत्र ०१, २०८१

## गत हप्ता (फागुन २३-२९, २०८१) को मौसमी सारांशः

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी र पहाडी भू-भागमा साताभर आंशिक बदलीदेखि साधारणतया बदली र तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। साताको मध्य र अन्त्यमा हिमाली/उच्च पहाडी र पहाडी भू-भागमा मेघगर्जन/चट्याङसहित फाटफुटदेखि हल्का वर्षा भएको। कास्की जिल्लाको मालेपाटन केन्द्रमा सबैभन्दा बढी वर्षा (५.७ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-३.० डिग्री सेल्सियस) र बागलुङ जिल्लाको बागलुङ केन्द्रमा सबैभन्दा बढी तापक्रम (३१.४ डिग्री सेल्सियस) मापन भएको। अधिकतम र न्यूनतम तापक्रम हल्का बढेको।

## आगामी हप्ता (चैत्र ०१-०७, २०८१) को मौसमी परिदृश्यः

**साताको सुरुः शुक्रबार, शनिबार साताको मध्यः आइतबार, सोमबार र मंगलबार साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी र पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली र तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली रहने सम्भावना रहेको। हिमाली/उच्च पहाडी र पहाडी भू-भागमा साताको सुरु र मध्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। अधिकतम र न्यूनतम तापक्रम हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/ हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | हल्कादेखि मध्यम वर्षा/हिमपात | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदली रहने सम्भावना रहेको | मेघ गर्जन/चट्याङ | साताको सुरु र मध्यमा थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, | हल्कादेखि मध्यम वर्षा | हल्का | हल्का बढ्ने | साताभर आंशिकदेखि | मेघ गर्जन/चट्याङ | साताको सुरु र मध्यमा थोरै स्थानमा हल्कादेखि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्याङ्जा र तनहुँ | | बढ्ने | | साधारणतया बदली रहने सम्भावना रहेको | | मध्यम वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली रहने सम्भावना रहेको | | |

**कृषि सारांश:**

- चैते धानको तयारी बेर्नालाई जरा नचुँडिने गरी उखेलेर तयारी जमिनमा सिफारिस मलखादको प्रयोग गरी रोप्नुहोस्।
- बसन्ते मकै लगाउने समय भएकोले सिफारिस जातका गुणस्तरीय बीउ रोप्नुहोस्।
- आलु खन्दा र भण्डारण गर्दा जोताहा पुतलीको व्यवस्थापनमा चनाखो रहनुहोस्।
- मौरीको हुल निर्यास भई जाने र मैन पुतलीको प्रकोप बढ्ने भएकाले उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्।
- छिमेकी राष्ट्र भारतको विभिन्न स्थामा बर्ड फ्लू रोगको संक्रमण देखिएकोले नेपालमा यो रोग फैलन नदिन कृषि प्राविधिकको सल्लाह बमोजिम सावधानीका उपाय अपनाउनुहोस्।
- बंगुरमा अफ्रिकन स्वाईन फिभर रोगको रोकथामका लागि फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।

**कृषि सल्लाह:**

**बाली:**

- चैते धानको २५-३० दिनको बेर्नालाई जरा नचुँडिने गरी उखेलेर तयारी जमिनमा रोप्नुहोस्। चैते धानको लागि निम्न तालिकामा उल्लेख भए बमोजिमको मलखादको प्रयोग गर्नुहोस्।

| क्षेत्र | प्राङ्गारिक मल (टन) | आवश्यक रासायनिक मल (के.जी प्रति हेक्टर) | | | | |
|---|---|---|---|---|---|---|
| | | युरिया | डिएपी | म्युरेट अफ पोटास | जिंक सल्फेट | बोरेक्स |
| नवलपरासी (ब.सु.पू) | ६ | २३८ | ८७ | ७८ | २ | १ |
| अन्य जिल्ला | ६ | १९२ | ६५ | ५० | २ | १ |

**नोटः** रासायनिक मलको प्रयोग गर्दा डिएपी, म्युरेट अफ पोटास, जिंक सल्फेट र बोरेक्सको पुरै मात्रा तथा

युरियाको एक तिहाई मात्रा जमिनको अन्तिम तयारीको समयमा, एक तिहाई धान रोपेको २५-३० दिनपछि (गाँज आउने समयमा) र बाँकी एक तिहाई बाली पोटाउने बेलाभन्दा अगाडि (५०-५५ दिनपछि) प्रयोग गर्नुहोस्।

- बसन्ते मकै लगाउने समय भएकोले गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्। भित्री मधेश तथा तराईका लागि रामपुर कम्पोजिट, अरुण-२, अरुण-६, मध्य पहाडका लागि मनकामना-३, मनकामना-४, मनकामना-५, मनकामना-६, मनकामना-७, देउती, पोषिलो मकै-१, पोषिलो मकै-२ उच्च पहाडका लागि गणेश-१, गणेश-२, गणेश-३ र सिँचाइको सुविधा भएका १००० मिटरभन्दा तलका क्षेत्रहरुमा रामपुर हाइब्रीड-१०, रामपुर हाइब्रिड-१२, रामपुर हाइब्रिड-१४, रामपुर हाइब्रिड-१६ जातका गुणस्तरीय बीउ रोप्नुहोस्।

- तोरीबालीमा कम्तीमा ५०% कोसाहरु पहेंलो रङ्गको भएमा मौसमको अवस्था हेरी बाली कटानी गर्नुहोस्। घामको अवस्था हेरी राम्रोसँग सुकेपछि चुटी/थ्रेसर लगाई, केलाई सफा गर्नुहोस्। सफा गरिएको तोरीको दानाको चिस्यान ८-१०% कायम रहने गरी सुकाएर मात्र उपयुक्त ठाँउमा भण्डारण गर्नुहोस्।

- आलुबालीमा जोताहा पुतलीको प्रकोप भएका स्थानहरुमा आलु खनेर खेतबारीमा खुल्ला राख्दा यो किराले फुल पार्ने भएकाले खेतबारीमा राख्नै पर्ने अवस्थामा बोरामा प्याक गरेर राख्नुहोस्।

- खनिसकेको आलुलाई अँध्यारो, सुख्खा र चिसो ठाउँमा काठ, प्लास्टिक क्रेट वा र्‍याकमा फिजाई तीन तहसम्म मिलाएर दुई हप्तासम्म राख्नुहोस्। यसरी राख्दा दुई तहको बीचमा पत्रिका बिछ्याएर राख्नुहोस्। हरियो भएको आलुमा सोलानिन भन्ने हानिकारक पदार्थ हुने भएकोले यस्ता हरियो भाग पुरै हटाएर मात्र पकाउनुहोस् र भण्डारण गर्दा समेत यस्ता आलुलाई छुट्टै राख्नुहोस्।

- भण्डारण कोठाका झ्यालहरुबाट जोताहा किराको वयस्क नछिरोस् भन्ने उद्देश्यले झुल वा जालीले ढाकिदिनुहोस्। आलु भण्डारणमा जोताहा पुतलीबाट हुने क्षति कम गर्नको लागि बोझोको गानोको धुलो २ ग्राम प्रति केजीका दरले मिसाउनुहोस्।

- आलु भण्डारणमा जोताहा पुतलीबाट हुने क्षति कम गर्नको लागि बोझोंको गानोको धुलो २ ग्राम प्रति केजीका दरले मिसाउनुहोस्। यो उपचार विधि दुई महिनाको फरकमा दोहोर्‍याउनुहोस्।

- उच्च पहाडमा चैत्र महिनामा लगाउन सिफारिस जातका बीउ आलु दुई हप्ता अगाडी कोल्ड स्टोरबाट झिकी ओभानो ठाउँमा राखी टुसाउन दिनुहोस्।

- सकभर २५ देखि ५० ग्राम तौल भएका सिङ्गो बीउ आलु रोप्नुहोस्। बीउ आलु ठूलो भई नकाटी नहुने अवस्थामा मात्र खायन आलु उत्पादनको लागि उपलब्ध टुसा (आँखा) को संख्या हेरी कम्तीमा दुई वटा टुसा रहने गरी काटेर रोप्नुहोस्। रोप्ने बेलामा काटेर सोझै रोप्दा काटेको ठाँउबाट रोग किराको संक्रमणका साथै माटोमा अत्यधिक चिस्यान भएमा कुहिने सम्भावना हुनेहुँदा रोप्नुभन्दा २-३ दिन अगाडि काट्नुहोस्। काटिसकेपछि कार्बेन्डाजिम २ ग्राम प्रति लिटरको झोलमा ५ मिनेट डुबाई उपचार गरी घाम नपर्ने र राम्ररी हावा खेल्ने कोठामा राख्नुहोस्।

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउदर र दुरीमा रोप्नुहोस्।

| क.स. | बाली | जात | लगाउने दुरी | बीउ प्रति रोपनी |
|---|---|---|---|---|
| १ | बोडी (कोसा खाने) | मालेपाटन १ | ६० सेमी × ३० सेमी | १.५ केजी |
| २ | बोडी (दाना) | सुर्य, आकाश, प्रकाश, गाजले बोडी | ४० सेमी × १०-१५ सेमी | १ केजी |
| ३ | सिमी | चौमासे, त्रिशुली, सेमी लाइट लङ | ७५ सेमी × २५ सेमी | १.५ केजी |
| ४ | तनेबोडी | खुमल तने, सर्लाही तने | १२० सेमी × ३० सेमी | १ केजी |
| ५ | झाँगे सिमी | सूचीकृत जातहरु | ६० सेमी × ३० सेमी | २ केजी |

- तरकारी लगायतका बालीमा लाही किराको प्रकोप देखिएमा नीमजन्य विषादी १५०० पिपिएमको एजाडिराक्टिन ५ मिलिलिटर प्रति लिटर पानीमा मिसाई एक हप्ताको फरकमा छर्कनुहोस्। प्रकोप बढी देखिएमा फ्लोनिकामिड (५०% डब्लुडिजी) १ ग्राम प्रति ३ लिटर पानीमा मिसाई १२-१५ दिनको फरकमा २-३ पटक छर्कनुहोस्। विषादी प्रयोग गरिसकेपछि तरकारी टिप्नको लागि पर्खनुपर्ने अवधि (२५ दिन) पूरा भएपछि मात्र टिप्नुहोस्।

- गोलभेंडा, खुर्सानी, भण्टा तथा भेडेखुर्सानीको नर्सरी राख्ने व्यवस्था मिलाउनुहोस्।नर्सरी राख्दा उपयुक्त स्थल छनौट गरी १५-२० सेमी अग्लो हुने गरी ब्याड तयार गर्नुहोस्। तयारी नर्सरी ब्याडमा १० सेमिमिटर को फरकमा लाइन बनाई पातलो गरी बीउ छर्नुहोस्। यदि उपलब्ध छ भने कोकोपिट वा पिटमसको आधा भाग र राम्ररी पाकेको कम्पोष्ट आधा भाग मिसाई प्लाष्टिक ट्रेमा नर्सरी राख्नुहोस्।

- फूल फुल्ने/बतिला लाग्ने अवस्थाका गोलभैंडामा गवारोको प्रकोप देखिएमा किराको अवस्थाको बारेमा जानकारी र अनुगमनका लागि हेली ल्यूर र स्पोडो ल्यूर छुट्टाछुट्टै फनेल पासोमा राखी खुल्ला जमिनमा गरिएको खेतीका लागि प्रति रोपनी ५/५ वटाको दरले र प्लाष्टिक घरभित्र प्रति घर १/१ का दरले दुवै पासोको प्रयोग गर्नुहोस्। यदि

पासो भित्र वयस्क किराहरु परेको देखिएमा किराको संख्या सहित कृषि प्राविधिकलाई जानकारी गराई प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापन गर्नुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुर्‍याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीमा मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। विषादी प्रयोग गरिसकेपछि तरकारी टिप्नको लागि पर्खनुपर्ने अवधि (३ दिन) पूरा भएपछि मात्र टिप्नुहोस्।

- गोलभेंडामा सुलसुलेको प्रकोप देखिएमा निमजन्य विषादी ५ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा प्रकोपको अवस्था हेरी कम्तीमा पनि ३ पटक छर्कनुहोस्।

- अदुवा लगाउने समय भएकाले प्रति रोपनी २५० केजी अदुवाको बीउ गानोको व्यवस्था मिलाउनुहोस्। बीउ उपचारका लागि मेन्कोजेव २ ग्राम र कार्वेन्डाजिम १ ग्राम प्रतिलिटर पानीमा मिसाई बीउ गानोलाई ३० मिनेटसम्म डुबाउनुहोस् र एक दुई दिन छायाँमा राख्नुहोस्। बीउ रोप्दा ४-५ सेमी गहिरो कुलेसो बनाई ३० सेमी × ३० सेमी दुरीमा रोपी माटोले पुर्नुहोस्। रोपिसकेपछि धानको भुस, पराल, स्याउला आदिले छापो दिनुहोस्।

- सबै प्रकारका फलफूलमा चिस्यान कायम गरी बोटको वरिपरि रिङ बनाएर सिफारिस गरिएको मात्रामा मलखाद हाल्ने व्यवस्था मिलाउनुहोस्।

- कफीका पाकेका ताजा चेरी टिप्न सुरु गर्नुहोस्। साथै, संकलन केन्द्र पुर्‍याउने वा प्रशोधनका लागि तयारी गर्नुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि ब्याक्टेरिया (शाकाणु) को संक्रमणबाट ग्रस्त सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलमा चोर हाँगा (लामा काँडा भएका तथा सलक्क बढेका), रोग किरा लागेका, एक आपसमा जोडिएका कलमी भागभन्दा तलबाट आएका मुनाहरु र बिरुवाको मूल काण्डको ४०-५० सेमी भन्दा तल आएका सबै हाँगाहरु काँटछाँट गरी हटाउनुहोस्। सुन्तलाजात फलफूलमा काँटछाँट गरेको भाग र बोटको फेदमा १०% को बोर्डोपेष्ट वा कपर अक्सिक्लोराईडको पेष्ट बनाएर राम्रोसँग पोत्नुहोस्। साथै, १% को बोर्डोमिश्रण तयार गरी पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यसरी तयार गरेको बोर्डोपेष्ट र बोर्डोमिश्रण २४ घण्टा भित्र प्रयोग गर्नुहोस्।

- सुन्तलाजात एवम् स्याउ बालीमा बसन्त ऋतुको आगमनसँगै सिट्रस सिल्ला, कत्ले किरा, भुवादार लाही, रातो सुलसुले लगायतका किराहरुको प्रकोप बढ्ने भएकाले यी किराहरुको व्यवस्थापन गर्नुहोस्। यस प्रकारका किराहरुको व्यवस्थापनका लागि पेट्रोलियम तेल १५ मिलिलिटर र डाईमेथोएट (३०% इसी) (जस्तैः रोगर) १ मिलिलिटर १

लिटर पानीका दरले मिसाएर विशेषगरी बिरुवाको टुप्पोमा पुरै भिज्ने गरी छर्कनुहोस्। सिट्रस सिल्लाले सिट्रस ग्रीनिङ्ग रोग सार्ने र उक्त किराले नर्सरी बिरुवादेखि नै आक्रमण गर्ने भएकाले सुन्तलाजात फलफूलका नर्सरी बिरुवामा उक्त किराले आक्रमण गरे नगरेको थाहा पाउनका लागि नियमित रुपमा अनुगमन गर्नुहोस्। यदि किराको संख्या बढी देखिएमा ईमिडाक्लोप्रिड (१७.८% एसएल) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाएर प्रत्येक १५ दिनको फरकमा ४ पटक छर्कनुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्। बोटको फेदमा पानी जम्न नदिने व्यवस्थाका लागि फेद वरिपरि बेसिन (केही अग्लो गरी माटो उठाउने) बनाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना तयारी खाडलमा सिफारिस मात्रामा मलखाद मिसाई कलमी गरेको भाग जमिन माथि पर्ने गरी रोप्नुहोस्।

- स्याउ बगैंचामा कत्ले किरा (Scale insect), रातो सुलसुले (Red spider mites) र भुवादार लाही (wooly aphid) को सुषुप्त अवस्थामा रहेका किरा व्यवस्थापनका लागि काँटछाँट पछि खनिज तेल (Atso oil) १०-१५ मिलिलिटर प्रति १ लिटर पानीमा मिसाइ हाँगाहरु भिज्ने गरी छर्कनुहोस्।

- केरामा लाग्ने घुन (Banana weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- मौरीको हुल निर्यास भई जाने र मैन पुतलीको प्रकोप बढ्ने भएकाले उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्। मौरी चरनको लागि एक स्थानबाट अर्को स्थानमा लैजाँदा उपयुक्त भेन्टिलेसनको व्यवस्था गरी बेलुका मौरी बास बसिसकेपछि लैजाने व्यवस्था गर्नुहोस्।

- मौरी लगायतका अन्य लाभदायी किराहरुको सक्रियता दिउँसो २ बजे पश्चात क्रमशः घट्दै जाने भएकाले बाली बिरुवामा विषादी छर्दा सकेसम्म हावा नलागेको बेला दिउँसो २ बजे पछिको समयमा मात्र छर्कनुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- छिमेकी राष्ट्र भारतको विभिन्न स्थानमा बर्ड फ्लू रोगको संक्रमण देखिएकोले नेपालमा यो रोग फैलन नदिन कुखुरा पालक कृषकहरूले देहायको सतर्कता अपनाउनुहोस्:

- फार्ममा सरसफाई तथा जैविक सुरक्षाका उपायहरू अपनाउनुहोस्।
- कुखुराहरूलाई बाहिरी पन्छी तथा जनावरहरूको सम्पर्कबाट टाढा राखुहोस्।
- अस्वस्थ वा अनियमित रूपमा बिक्री वितरणका लागि आयात भएका कुखुरा तथा अण्डाको कारोबार नगर्नुहोस्।
- कुखुराहरूमा अस्वाभाविक मृत्यु, सुस्तता, वा अन्य कुनै लक्षण देखिएमा तुरुन्तै नजिकको पशु सेवा शाखा तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनुहोस्।

➢ गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र र बाख्रामा १२ देखि ३६ घण्टाभित्र प्रजनन् गराउनुहोस्।

➢ विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

➢ खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

➢ हाल बंगुरमा अफ्रिकन स्वाईन फिवर रोगको संक्रमण उच्च रहेकोले सतर्कता अपनाउनुहोस।अफ्रिकन स्वाईन फिभर रोगको संक्रमणको जोखिम रहिरहेकाले कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्ः
- बंगुरलाई खेर गएका खानेकुरा (Swill) खुवाउँदा कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
- खरिद गरी ल्याइएका बंगुर कम्तीमा ३० दिन क्वारेन्टाइनमा राख्नुहोस्। रोग नदेखिएको खण्डमा मात्र फार्ममा भएको बंगुरसँग मिसाउनुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
- रोग देखा परेको फर्म वा क्षेत्रबाट अन्यत्र लैजाने गरी बंगुरको खरिद बिक्री नगर्नुहोस्।



चित्र नं २ अफ्रिकन स्वाइन फिवर लागेको बंगुर

- खोर पूर्ण रुपले खाली गरी सरसफाई र निसंक्रमण गरी कम्तीमा ४० दिनपछि मात्र निरोगी बंगुरहरु राख्नुहोस्।

➢ रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँग आवश्यक समन्वय गर्नुहोस्।

➢ दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- पशुपन्छीहरुमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- सुख्खा समय भएकोले हरियो घाँस पातको उपलब्धता कम भई पशुहरूमा पोषक तत्व कमी हुने हुँदा उग्राउने पशुहरूलाई मिनरल मिक्स्चर्स, यूरिया मोलासेस् ब्लक, साईलेज, हे आदि खुवाउनुहोस्।

- डाले घाँसका पात झर्ने समय भएकाले यस समयमा काटिने डाले घाँसमा केही विषालु किराहरू हुन सक्ने भएकोले पशुबस्तुलाई खुवाउनु अघि राम्ररी जाँच गरेर मात्र खुवाउनुहोस्।

- वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरू लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेत बारीमा घाँस खेती गर्नुहोस्।

- कमन कार्प माछाको अण्डाबाट निस्किएका भुसुना भुरा (ह्यच) लाई हुर्काउनका लागि १५ दिनसम्म प्रति एक लाख ह्यचलिङलाई एक वटा कुखुराको अण्डाको पहेंलो भाग घोली ह्यचलिङ ट्याङकमा राख्नुहोस्।

- रेन्वो ट्राउट माछाको भुरालाई हुर्काउनका लागि रागाँको कलेजोको झिल्ली हटाई मसिनो गरी लेदो बनाई १० दिनसम्म भुरालाई खुवाउनुहोस्।

- माछा उत्पादन गरिने तयारी पोखरीमा कार्प माछाको भुरा राख्ने समय भएकोले ठूला साइजको (२० ग्रामभन्दा बढी) भुरा प्रति रोपनी ५०० का दरले राख्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | बासुदेव रेग्मी | प्रदेश सचिव (बाली विकास विज्ञ) | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि विकास निर्देशनालय, पोखरा |
| ३. | शालिकराम अधिकारी | बाली रोग विज्ञ | बाली संरक्षण प्रयोगशाला, पोखरा |
| ४. | डा. बालकुमार श्रेष्ठ | वरिष्ठ पशु विकास अधिकृत | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, पोखरा |
| ५. | गोविन्द पाण्डे | वरिष्ठ कृषि विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ६. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ७. | हिरा प्रसाद भट्टराई | मेटेरियोलोजिष्ट | जल तथा मौसम विज्ञान कार्यालय, पोखरा |
| ८. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय |
| ९. | मनोज पौडेल | कृषि अर्थ विज्ञ | कृषि विकास निर्देशनालय, पोखरा |
| १०. | विष्णु भुसाल | कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |